# प्रेश विज्ञप्ति

आगामी २९ देखि ३० मार्च, २०१९ सम्म नेपालमा आयोजना हुन लागेको लगानी सम्मेलनको तयारीका लागि संयुक्त अधिराज्यको राजधानी लण्डनमा आयोजित नेपाल विकास सम्मेलनमा सहभागी हुन माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा औपचारिक भ्रमणको शिलशिलामा आज त्यस तर्फ प्रस्थान गर्नु भयो।

खासगरी, सयुक्त अधिराज्यका लगानीकर्ताहरुलाई नेपालमा लगानी गर्न प्रोत्साहित गर्न, समन्वय गर्न तथा नेपाल सरकारद्वारा आगामी २९ देखि ३० मार्च, २०१९ सम्म नेपालमा आयोजना हुन गईरहेको नेपाल लगानी सम्मेलनलाई समेत सहयोग पुर्याउने उद्देश्यले यही फेव्रुअरी २२, २०१९ मा वेलायत स्थित नेपाली राजदुतावासद्वारा आयोजना हुने नेपाल विकास सम्मेलनमा प्रमुख वक्ताको रुपमा सहभागी हुन अर्थ मन्त्री त्यस तर्फ प्रस्थान गर्न लाग्नु भएको हो।

साथै, भ्रमणको क्रममा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले गैह्र आवासीय नेपाली सघ, वेलायत र नेपाल वेलायत चेम्वर अफ कमर्शको कार्यक्रमहरुमा पनि सहभागी हुनु हुनेछ। नेपाली राजदूतावासमा आयोजना हुने नेपाल विकास सम्मेलनमा संयुक्त अधिराज्य सरकारको अन्तर्राष्ट्रिय सहयोग विभाग र काठमाडौंस्थित One to Watch संस्थाको समेत सहकार्य रहने र उक्त सम्मेलनमा वेलायती संसदका तीन जना माननीय सांसदज्यूहरु, काठमाडौंस्थित वेलायती सहयोग नियोगका प्रमुख श्री Rurik Marsden, संयुक्त अधिराज्य सरकारका Department for International Trade का उप-निर्देशक श्री Andy MC Coubrey समेत वक्ता तथा प्रस्तोताका रुपमा रहनु हुनेछ ।

भ्रमणवाट नेपाल र संयुक्त अधिराज्य वीचको पारस्परिक हित अभिबृद्दिमा सघाउ पुर्याउनुका अतिरिक्त नेपालमा आयोजित लगानी सम्मेलनमा संयुक्त अधिराज्यका सम्भाव्य लगानीकर्ताहरुलाई सहभागी गराउन समन्वय गर्न सघाउ पुर्याउने अपेक्षा गरिएको छ। माननीय अर्थ मन्त्रीको साथमा अर्थ मन्त्रालय र लगानी वोर्डको कार्यालयवाट एक एक जना प्रतिनिधि सहभागी हुनु हुनेछ।

**अर्थ मन्त्रालय**

**मिति २०७५ फागुन ७ गते मंगलबार**